प्रदेश सरकार
प्रदेश नं. ५
# आर्थिक मामिला तथा योजना मन्त्रालय
(वित्त व्यवस्थापन महाशाखा)
बुटवल, नेपाल

☎ ०७१-५४००२९, ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : (वि.स.तथा अ.व्य.) २०७७/७८
चलानी नं. : २९६

मितिः- २०७७।०६।०८

**विषयः वित्त हस्तान्तरण सम्बन्धमा।**

श्री स्थानीय तह (१०९ वटा) सबै
प्रदेश नं. ५।

प्रस्तुत विषयमा चालु आ.व.२०७७।७८ मा प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय तहहरुमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको प्रथम किस्ता बापतको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला भईसकेको व्यहोरा जानकारीका लागि अनुरोध छ।सो अनुदान शीर्षक बाहेक प्रदेश सरकार मार्फत स्थानीय तहहरुलाई प्राप्त हुने शसर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्षको अन्त्य सम्ममा खर्च हुन नसकी बाँकी रहेमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको व्यहोरा समेत अवगत नै छ। प्रदेश लेखा नियन्त्रक कार्यालयको च.नं. ११७ मिति २०७६।०६।०१ गतेको पत्रसाथ प्राप्त विवरण बमोजिम आ.व.२०७६।७७ मा उल्लेखित अनुदान शीर्षकबाट प्राप्त रकममध्ये खर्च नभई बाँकी रहेको रकम मिति २०७७ भाद्र मसान्तसम्म प्रदेश सञ्चित कोषमा दाखिला गर्ने तपसिल बमोजिमका स्थानीय तहको सञ्चित कोष खातामा प्रथम किस्ता बापतको रकम हस्तान्तरण गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयलाई पत्रचार समेत गरिसकिएको छ। सो बाहेकका स्थानीय तहले खर्च हुन नसकेको रकम उक्त अवधिसम्म प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गरेको देखिन नआएकोले फिर्ता दाखिला नगरेका स्थानीय तहहरुमा वित्त हस्तान्तरणको प्रक्रिया अगाडि बढाउन नसकिएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दैं सो बमोजिम दाखिला गर्नुभई वित्त हस्तान्तरण कार्यमा सहजीकरण गरिदिनुहुन माननीय मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्रीस्तरको २०७७।०६।०७ को निर्णयानुसार अनुरोध छ।यस सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा प्रदेश लेखा नियन्त्रकको मोबाइल नं. ९८५७०४४११४ वा यस मन्त्रालयको अनुदान व्यवस्थापन शाखा प्रमुख, जिवकला भण्डारी अधिकृत सातौं सम्पर्क नं. ०७१-५५००६३ मा सम्पर्क गर्नु हुन समेत अनुरोध छ।

अधिकृत सातौं

प्रदेश सरकार
प्रदेश नं. ५
# आर्थिक मामिला तथा योजना मन्त्रालय
(वित्त व्यवस्थापन महाशाखा)
बुटवल, नेपाल

☎ ०७१-५४००२९, ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : (वि.स.तथा अ.व्य.) २०७७/७८

चलानी नं. :

<u>तपसिल</u>

२०७७ भाद्र मसान्तसम्म गत आ.व. २०७६/७७ मा खर्च नभएको अनुदान रकम फिर्ता गरिसकेका स्थानीय तहहरु:-

क) **गाउँपालिकाहरु (५१)**:-सुस्ता, सरावल, शुद्धोधन (रुपन्देही), ओमसतिया, मर्चवारी, गैडहवा, कञ्चन, मायादेवी (रुपन्देही), सियारी, समरीमाई, रोहिणी, शुद्धोधन(कपिलवस्तु), मायादेवी (कपिलवस्तु), विजयनगर, रिब्दीकोट ,तिनाउँ,बगनासकाली,रम्भा, छत्रदेव, पाणिनी, मालारानी, कालिगण्डकी, मदाने, छत्रकोट, चन्द्रकोट, सत्यवती, मालिका, रुरुक्षेत्र, इस्मा,परिवर्तन, सुनछहरी, त्रिवेणी, गंगादेव, लुँग्री, सुनिलस्मृति, रुन्टिगढी, थवाङ, मल्लरानी, सरुमारानी, झिमरुक, गौमुखी, ऐरावती, राप्ती, बबई, दंगीशरण, बंगलाचुली, राजपुर, शान्तिनगर, बैजनाथ, खजुरा, गेरुवा।

ख) **नगरपालिकाहरु(२१)**:- रामग्राम, बर्दघाट, सैनामैना, देवदह, लुम्बिनी साँस्कृतिक, तिलोतमा, बुद्धभूमि, शिवराज, महाराजगंज, तानसेन, भुमिकास्थान, सन्धिखर्क, शितगंगा, मुसिकोट, प्युठान, स्वर्गद्वारी, लमही, मधुवन, गुलरिया, राजापुर, बाँसगढी।

ग) **उपमहानगरपालिकाहरु(३)**:- बुटवल, तुलसीपुर, घोराही।

2077/06/08

.............................
जिवकला भण्डारी
अधिकृत सातौं

**अधिकृत सातौं**